# विनयी त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नवलपरासी (व.सु.पू.)

गण्डकी प्रदेश

# विनयी त्रिवेणी गाउँपालिकाको आय तथा व्ययको अनुमान

आर्थिक वर्ष २०७९/८०

सभाध्यक्षज्यू,

यस विनयी त्रिवेणी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७९/८० का वजेट प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु।
यस अवसरमा राजनीतिक परिवर्तनका लागि जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

लामो संघर्षपछि नेपाली जनताको चहाना अनुरुपको संघीय स्वरुपको समावेशी जनप्रतिनिधिमुलक राज्य प्रणाली स्थापना भई दोश्रो स्थानीय तहको निर्वाचन समेत सम्पन्न भईसकेको छ।

हामिलाई यस गरिमामय सभामा प्रतिनिधित्व गर्ने अवसर प्रदान गर्नुहुने विनयी त्रिवेणीवासी हरुमा पनि धन्यवाद टक्याउन चाहान्छु।

यो मौलिक स्वरुपको राजनीतिक उपलब्धीसंगै गाउँपालिका वासिको भरपर्दो साथ र विश्वास पाएको वर्तमान सभालाई गाउँपालिकाको सम्पुर्ण स्रोत र समाथ्र्यको सदुपयोग गरि विकास र सम्वृद्धिको यात्रामा अविचलित रुपमा अघि वढ्न ठुलो प्रेरणा मिलेको छ।

हाम्रो गाउँपालिका "सम्वृद्ध विनयी त्रिवेणी,सुखी विनयी त्रिवेणीवासी"वनाउने दिर्घकालिन उदेश्य अनुरुप आर्थिक सामाजिक विकासको छुट्टै मोडेलमा अगाडी वढ्ने हाम्रो दिर्घकालिन लक्ष्य रहेको छ।

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन,स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (लिजा),विनयी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम,दिगो विकासको लक्ष्य,नेपाल सरकारको नीति तथा कार्यक्रम,नेपाल सरकारको वजेट,गण्डकी प्रदशको नीति तथा कार्यक्रम,गण्डकी प्रदेशको वजेट र यस गाउँसभाका सदस्यहरुले दिनु भएको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु।विभिन्न राजनीतिक दल,संघसंस्था,विद्धत वर्ग र स्वदेश तथा विदेशमा रहनु भएका गाउँपालिका भित्रका दिदि-वहिनि,दाजु-भाई हरुवाट प्राप्त रचनात्मक सुक्षावहरुलाई समेत ध्यान दिएको छु। -भौतिक पुर्वाधारका अतिरिक्त विनयी त्रिवेणी गाउँपालिकाले अन्य सामाजिक क्षेत्रको विकासमा पनि यस वर्ष विशेष रणनीति र योजना वनाएर अगाडी वढ्ने छ।
चालु आर्थिक वर्ष २०७८/०७९को जेयष्ठ मसान्त सम्मको अवधीमा कुल विनियोजित वजेट मध्येमा चालु तर्फ विनियोजित ४० करोड ४३ लाख ८९ हजार ५ सय मध्ये ६८ प्रतिशत अर्थात २८ करोड २३ लाख १८ हजार ४३० खर्च भएको छ । पुजिगत तर्फ ३७ करोड ७४ लाख ४९ हजार सात सय विनियोजन भएकोमा ४२ प्रतिशत अर्थात १६ करोड ३० लाख ८६ हजार ८ सय ४९ खर्च भएको छ । चालु आर्थिक

वर्षको जेष्ठ मसान्त सम्ममा कुल विनियोजित रकम मध्ये ५५.०२ प्रतिशत खर्च भएकोमा असार मसान्तसम्ममा ७० प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

सभाध्यक्षज्यू,

अव म आगामी आर्थिक वर्ष २०७९/०८० को आय र व्ययको अनुमान प्रस्तुत गर्न चाहान्छु ।

- आर्थिक हिसावले विनयी खोला यस गाउँपालिकाको मेरुदण्डकै हिसावले रहेको छ । विनयी लगायत अन्य खोलावाट हुने खेतियोग्य जमिन कटानी लाई न्युनीकरण गर्न यस वर्ष ति खोलाहरु व्यवस्थापन तथा नियन्त्रण गर्नका लागि गाउँपालिकाको तर्फवाट रु १,००,००,०००।-(रु एक करोड रुपैया )नदि/खोला तट्वन्धन शिर्षकमा विनियोजन गरेको छु।
  - विपद्को समयमा मानविय तथा पशुजन्य क्षती हुन नदिनका लागि गाउँपालिकाको तर्फवाट सम्वन्धित सवै निकायसंगको सहकार्यमा अन्य सम्वन्धीत सरोकारवाला हरुसंग सहकार्य गरि विपद्संग जुध्नका लागि गाउँपालिकाको विपद् व्यवस्थपान कोषमा रु १,००,००,००० (रु एक करोड ) विनियोजन गरेको छु।
  - यस गाउँपालिका भित्र रहेका खर/फुसको छानो भएका घरको तथ्याकं संकलन कार्य यसै वर्ष गर्ने साथै यस गाउँपालिकाको वडा न. ७ वाट खर/फुसको छानो विस्थापन कार्यक्रम मार्फत त्यस्ता घरहरु निर्माण गर्न रु ५०,००,०००।-(रु पचास लाख) विनियोजन गरेको छु।
  - यस गाउँपालिकाको वडा न.५ मा पर्ने पश्चिमा टोल सडकका लागि रु २०,००,०००।- (रु विस लाख )विनियोजन गरेको छु।
  - यस गाउँपालिकाको  वडा न. ३ मा पर्ने कनिकेसाल चिसापानी चुकाहा भैसेखोला सम्म सडक स्तरउन्नती गर्नका लागि रु १,५०,००,०००।- (रु एक करोड पचास लाख) रकम विनियोजन गरेको छु।
  - डाँडाजोर पटुके सडक निर्माण कार्यको प्रदेश सरकारसंगको साझेदारिमा काम अगाडी वडाउनका लागि रु १०,००,०००।- (रु दस लाख ) रकमको व्यवस्था मिलाएको छु।
  - वडा न. ३ को हर्वले जाने वाटोमा कल्भर्ट निर्माणका लागि रु १२,००,०००।- (रु वाह्र लाख ) विनियोजन गरेको छु।
  - वडा न. २ को कुमालटार शेर्पा चोकदेखि माथिल्लो कुमालटार जाने वाटो स्तरउन्नतीका लागि रु २०,००,०००।- (रु विस लाख ) रकम विनियोजन गरेको छु।

- पाखापानी गोग्दी मोटरेवल पुल निर्माणको कार्यका लागि संघीय सरकारसंगको सहकार्यमा निर्माण कार्य अगाडी वडाईनेछ।
- वडा न. २ र ३ जोड्ने देउसत खोला पुल निर्माणको कार्यका लागि प्रदेश सरकारसंग साझेदारि गर्न आवश्यक रकमको व्यवस्था गरेको छु।
- गाउँपालिकाको गौरवको रुपमा रहेको योजना ज्यामिरे चोकदेखि ठुलटाडी वगुवन सडकको निर्माणको कार्यको थालानी यसै वर्ष देखि शरु गर्ने र सो कार्यका लागि रु ५०,००,०००।- (रु पचास लाख ) रकमको व्यवस्था मिलाएको छु।
- ढव्यहा कुडापानी सडक निर्माणका लागि रु १०,००,०००।- (रु दश लाख ) रकम विनियोजन गरेको छु।
- गाँउपालिकाको सवै वडालाई गाउँपालिकाको केन्द्रसम्म जोड्ने नीति अनुरुप यस गाउँपालिकाको वडा न.१,२,३,४ र ५ लाई दुम्किवाससम्म जोड्ने दुम्किवास-सर्दि-धुर्कोट सडक कालोपत्रे गर्ने कार्यका लागि रु ४,००,००,००० (रु चार करोड ) विनियोजन गरेको छु।
- गौरिझोक-कुसुन्ती-खुम्वारि लाले सडक खण्ड निर्माणका लागि रु १५,००,०००।- (रु पन्ध्र लाख ) विनियोजन गरेको छु।
- वडा न. ६ को त्रिवेणीको कुवाटोल गुल्लर खोलामा कल्भर्ट निर्माणका लागि रु १० लाख विनियोजन गरेको छु।
- दुम्किवासका मुल कुलोहरु मर्मत गर्नका लागि रु ५,००,०००।- (रु पाचँ लाख ) विनियोजन गरेको छु।
- गाउँपालिकाले संचालन गर्ने आयोजनामा रकम थप गर्नु पर्ने अवस्था आएमा तथा पुराना योजना मर्मत गर्नु परेमा तत्काल खर्च गर्ने उदेश्यले गाउँपलिकाको अन्य सार्वजनिक निर्माण कोषमा रु ५० लाखको प्रवन्ध मिलाएको छु।
- यस विनयी त्रिवेणी गाउँपालिकाको एक वडा एक खेल मैदान र गाउँपालिकामा एक व्यवस्थित रङ्गशालाको नीति अनुरुप यस गाउँपालिकाको प्रस्तावित विनयी त्रिवेणी रङ्गशाला निर्माणको लागि रु २०,००,०००।- (रु पचास लाख ) विनियोजन गरेको छु।
- वडा न. २ को कालिका मन्दिरको अधुरो निर्माण कार्य सम्पन्न गर्नका लागि रु १०,००,०००।- (रु दस लाख ) विनियोजन गरेको छु।
- वडा न . ३ मा रहेको भवानी मा.वि.को अधुरो रहेको भवन निर्माण कार्यको लागि रु ४,००,०००।- (रु चार लाख ) रकम विनियोजन गरेको छु।
- खुम्वारी दाउन्ने मन्दिर अधुरो निर्माण यसै वर्ष सम्पन्न गर्ने गरि रु ५ लाख विनियोजन गरेको छु।
- वाहविसे अधुरो भवन र खुम्वारि अधुरो भवन निर्माणका लागि ५/५ लाख विनियोजन गरेको छु।

- यस गाउँपालिकाको वडा न. ७ मा रहेको वनकट्टिमा पक्कि पुल निर्माणका लागि २० लाख रुपैया विनियोजन गरेको छु।
- खोरखोला स्याङ्गजाली डाँडा वाटो स्तरउन्नतीका लागी २५ लाख रुपैया विनियोजन गरिएको छ।
- वडा न. ७ को रानीनगर साईफन घरदेखि मन्जुर मियाको घरसम्म सडक कालोपत्रेका लागि २५ लाख रुपैया विनियोजन गरेकि छु।
- शिवपुरगढी साहुमारा पर्सैया जोड्ने सडक कालोपत्रे गर्नका लागि २० लाख रुपैया विनियोजन गरेकि छु।
- वडा न. ६ र ७ को दुई नहर विचमा पुल निर्माणका लागि १५ लाख रुपैया विनियोजन गरिएका छ।
- हुलाकी खोला वडा न. २ को सिमाना देखि लाला वहादुर गँहाको घरसम्म वाटो ढलानको लागी रु १५ लाख विनियोजन गरिएको छ।
- वगैचा भट्टिखोला सालघारि सडक निर्माणको लागि रु २० लाख रुपैया विनियोजन गरिएको छ।
- दुम्किवास जोगिकुटी ठुलटाँडी सडकका लागि रु ५० लाख विनियोजन गरिएको छ।
- जखाडी चोकटाडी हुदै कुडाँपानी सडकका लागि रु २० लाख विनियोजन गरेको छु।
- वेलौतिचिरा शुरेसको घर देखि पाण्डेको घर सम्म सडक कालोपत्रे गर्नका लागि रु १५ लाख विनियोजन गरिएको छ।
- यस गाउपालिका भित्र आवश्यक रहेको स्थानमा झोलुङ्गेपुल निर्माणका लागि संघीय सरकारसंगको साझेदारि गर्न रु १५ लाख विनियोजन गरेका छौं।
- त्रिवेणी कोटिहोम देखि वसपार्कसम्म दोहोरो नाली निर्माणका लागि रु २० लाख विनियोजन गरेकी छु।
- दुम्किवास साप्ताहिक हाट वजार व्यवस्थापनका लागि रु १० लाखको व्यवस्था मिलाएकि छु।
- तुलसेनिमा दहाँसस्कार घाट निर्माणका लागि रु १० लाख विनियोजन गरेकि छु।
- संघ र प्रदेशसंग अधिक भन्दा अधिक योजना माग गर्ने यस गाउँपालिकाको नीति अनुरुप गाउँपालिकाले रु २,००,००,०००।- (रु दुई करोड ) को समपुरक कोषको स्थापना गरि रकमको व्यवस्था मिलाएको छ।

सभाध्यक्षज्यू ,

- यस गाउँपालिकाका पशुपालक कृषकहरुलाई आधरभुत औषधीहरु अभाव हुन नदिनका लागि आवश्यक औषधीको प्रवन्ध गाउँपालिकावाट मिलाईनेछ उक्त औषधीहरु खरिद गर्नका लागि संघीय शसर्त अनुदानको अलवा गाउँपालिकावाट आवश्यक वजेट विनियोजन गरिएको छ ।
- पशुपंक्षीको खोप सेवा कार्यक्रम(भ्यागुते,खोरेत,पि.पि.आर., स्वाईन फिभर रानिखेत र रेविज ) जस्ता पशुहरुको प्राण घातक रोगको नियन्त्रण गर्नका लागि यस वर्ष गाउँपालिकाको तर्फवाट पुर्ण खोपहरुको व्यवस्था गर्नका लागि आवश्यक वजेटको व्यवस्था मिलाईएको छ।
- पशुपालक कृषकहरुको सुविधाका लागि यस गाउँपालिका भित्रका धुर्कोट-सर्दि,दुम्किवास र त्रिवेणीमा यस वर्ष देखी प्राईमरी ल्यावको शुरुवात गर्नका लागि पनि आवश्यक वजेटको व्यवस्था मिलाईनेछ।
- पशु विमा कार्यक्रमलाई व्यापक रुपमा संचालन गर्नका लागि यस आर्थिक वर्ष देखि गाउँपालिका भित्र रहेका सम्पुर्ण पशुहरु (गाईभैसी,भेडावाख्रा,वंगुरसुंगुर ) को निशुल्क विमा गरि पशु धन सुरक्षण गर्ने गाउँपालिकाको मुख्य नीति अनुरुप रु ६,००,०००।-(रु छ लाख) विनियोजन गरिएको छ।
- किसानहरुले पालेका गाई भैसीहरु सुत्केरी भएका अवस्थामा पशुको स्वास्थ्य,तन्दुरुस्ति र उत्पादनमा वृद्धि ल्याउनका लागि यस बर्ष देखि सुत्केरी स्यहार कार्यक्रम संचालनका लागि रु १५,००,०००।-( पन्ध्र लाख रुपैया) विनियोजन गरिएको छ।
- उन्नत नश्लको विकास गरि पशुपालनवाट कृषकको जिवनस्तरमा सुधार ल्याउनका लागि गाउँपालिकाले उन्नत मुर्रा रागोको विंउ वितरण,वोयर वोकाको विंउ वितरण र वंगुरको विउ वितरण गर्नका लागि वजेटको व्यवस्था मिलाएका छौं।
- गाई भैसीको गोठ सुधारमा रु ७,००,०००।-(रु सात लाख रुपैया)वाख्राको खोरसुधार रु १,२५,०००।-(रु एक लाख पच्चिस हजार रुपैया),वगुंर-सुगुरं खोर सुधारका लागि रु २,५०,०००।-(रु दुई लाख पचास हजार) विनायोजन गरेको छु।
- गजेन्द्रमोक्षधाममा गौशला व्यस्थापनका लागि रु ५,००,०००।-(रु पाचँ लाख रुपैया) र दाउन्ने कैलाश गौशालालाई रु १,५०,०००।-(रु एक लाख पचास हजार ) विनियोजन गरेको छु।

सभाध्यक्षज्यू,

- यस विनयी त्रिवेणी गाउँपलिकालाई कृषिमा आत्मनिर्भर बनाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।
- मसला बाली प्रवर्द्धन कार्यक्रमको लागि रू.२,००,०००।- (रू. दुई लाख) विनियोजन गरेको छु।
- कृषी सामग्री वितरण को लागि लागि रू.४,००,०००।- (रू. चार लाख) विनियोजन गरेको छु।

- हिउदे तरकारी बिउ वितरण कार्यक्रम को लागि रू.३,००,०००।- (रू. तिन लाख) र बर्षे तरकारी बिउ वितरण कार्यक्रम को लागि रू.३,५०,०००।- (रू. तिन लाख पचास हजार) विनियोजन गरेको छु।
- बाली संरक्षण कार्यक्रम को लागि रू.२,००,०००।- (रू. दुई लाख) विनियोजन गरेको छु।
- विनयी सामुदायिक बन उपभोक्ता समुह संगको साझेदारीमा जैविक मल उत्पादन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।
- च्याउ खेति तालिम र सामुहिक नर्सरी कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- ५० प्रतिशत अनुदान कृषी मोटर वितरण को लागि रू.७,००,०००।- (रू. सात लाख) विनियोजन गरेको छु।
- ८५ प्रतिशत अनुदानमा साना सिंचाई कार्यक्रम को लागि रू. ३५,००,०००।-(रू. पैतिस लाख) विनियोजन गरेको छु।
- गाउँ-गाउँमा उत्पादन भएका कृषि उपजलाई बजारीकरण गर्न दुम्कीबास अधुरो कृषि हाट बजार निर्माण कार्यको लागि रू.५,००,०००।- (रू.पाँच लाख) विनियोजन गरेको छु।

सभाध्यक्षज्यू,

- स्वास्थ्य नै धन हो भन्ने भनाईलाई चरितार्थ गर्नको लागि यस विनयी त्रिवेणी गाउँपालिकाको जनतालाई स्वस्थ राख्न रू.**एक करोड छब्बीस लाख बहत्तर हजार** बजेटको व्यवस्था मिलाएको छु।
- महिला स्वास्थ्य स्वयम् सेविकाको प्रोत्साहन भत्ताको लागि रू.१२,९६,००० (रू. बाह्र लाख छयानब्बे हजार) विनियोजन गरेको छु।जसमध्ये प्रत्येक महिला स्वास्थ्य स्वयम् सेविकालाई मासिक रू. **तिन हजार** दिने व्यवस्था मिलाएको छु ।
- वर्थिंग सेन्टरमा काम गर्ने स्टाफ नर्स/सी.अ.न.मि./अ.न.मी. प्रसव व्यवस्थापन (सुत्केरी गराए वापत) प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाएको छु ।
- ६० वर्ष उमेर पुगी अवकास हुनु हुने महिला स्वास्थ्य स्वयम् सेविकालाई सम्मानजनक विदाई गर्नको लागि रिटाएरमेन्टमा प्रत्येक स्वयम् सेविकालाई रू. **एक लाख** का दरले रकम दिने व्यवस्था मिलाएको छु।
- सुरक्षित सुत्केरी पोषण भत्ता को लागि रू.१२,००,०००।- (रू.बाह्र लाख) र पूर्ण खोप प्रोत्साहन भत्ता को लागि रू.४,००,०००।- (रू. चार लाख)  विनियोजन गरेको छु।

- विनयी त्रिवेणी प्राथमिक अस्पतालका लागि एम्बुलेन्स खरिद गर्न रू. २०,००,०००।-(रू. वीस लाख) र विनयी त्रिवेणी प्राथमिक अस्पताल संचालन अनुदानको लागि रू.५,००,०००।- (रू.पाँच लाख) विनियोजन गरेको छु।
- विशेषज्ञ डाक्टर सहितको सेवा विस्तारको लागि रू.७,००,०००।- (रू.सात लाख) विनियोजन गरिएको छ भने,
- मानिसले प्रयोग गर्ने अत्यावश्यक औषधि खरिदको लागि रू. २०,००,०००।-(रू. बिस लाख) तथा स्वास्थ्य संस्थाहरुमा औजार उपकरण फर्निचर खरीदको लागि रू. १०,००,०००।-(रू. दस लाख) विनियोजन गरेको छु।
- वर्थिङ्ग सेन्टर व्यवस्थापन को लागि रू.४,००,०००।- (रू. चार लाख) र खोप केन्द्र व्यवस्थापनको लागि रू.३,००,०००।- (रू. तिन लाख) विनियोजन गरेको छु।
- स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य केन्द्रको लागि कम्प्युटर प्रिन्टर खरिद को लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**सभाध्यक्षज्यूहरु,**

- यस विनयी त्रिवेणी गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको विकास, शैक्षिक गुणस्तर कायम गर्न, भौतिक संरचना सुधार लगायतका अन्य नीतिगत र कानूनी व्यवस्था मिलाउनका लागि रू.३,४४,५०,०००।- (रू. तिन करोड चौवालिस लाख पचास हजार) बजेट विनियोजनको व्यवस्था मिलाएको छु।
- प्राथमिक बाल शिक्षा सहजकर्ता र विद्यालय कर्मचारीको लागि मासिक **रू.सात हजार** का दरले थप तलवको व्यवस्था गर्न रू.९१,००,०००।- (रू. एकानब्बे लाख) बजेट विनियोजनको व्यवस्था मिलाएको छु।
- सामुदायिक विद्यालयलाई निःशुल्क मन्टेश्वरी सामग्री व्यवस्थापन को लागि रू.६,००,०००।-(रू. छ लाख) र सामुदायिक विद्यालयको कक्षा १-५ अंग्रेजी मध्यम निःशुल्क पाठ्यपुस्तक अनुदानको लागि रू.२०,००,०००।- (रू. बिस लाख) बजेट विनियोजनको व्यवस्था मिलाएको छु।
- भानुदय नमुना मा.वि.मा स्वर्ण महोत्सव मनाउनका लागि रू. १०,००,०००।- (रू. दस लाख) बजेट विनियोजनको व्यवस्था मिलाएको छु।
- भानुदय मा.वि. देउराली, सुर्यज्योती आधारभूत विद्यालय टाँडी, शिशु कल्याण आधारभूत विद्यालय कुडिया र जनजागृति आधारभूत विद्यालयको अधुरो भवन निर्माणको लागि आवश्यक बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

- उत्कृष्ट तथा जेहेन्दार र दलित तथा विपन्न विद्यार्थीहरुलाई शैक्षिक प्रोत्साहन भत्ता उपलव्ध गराउन आवश्यक बजेट विनियोजनको  व्यवस्था मिलाएको छु।
- आधारभूत विद्यालयहरुलाई ल्यापटप व्यवस्थापन अनुदानको लागि रू.१५,००,०००।-(रू. पन्ध्र लाख) बजेट विनियोजन गरेको छु।
- शिक्षक कर्मचारीहरुको पेशागत क्षमता विकास सम्बन्धि तालिमको लागि रू.४०००००।-(रू. चार लाख) बजेट विनियोजन गरेको छु।
- गाउँ शिक्षा योजना निर्माण र स्थानीय पाठ्यक्रम निर्माण कार्यशाला,पाठयक्रम तथा पाठ्यपुस्तक छापाईका लागि रु १८,००,०००।-(अठार लाख ) बजेटको व्यवस्था गरेको छु।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली कार्यशाला तथा प्रभावशाली व्यवस्थापन कार्यक्रमको लागि रू.२०००००।- (रू. दुई लाख) बजेट विनियोजन गरेको छु।
- उत्कृष्ट विद्यालय र शिक्षक प्रोत्साहन भत्ता लागि रू १०००००।- (रू. एक लाख) बजेटको व्यवस्था मिलाएको छु।
- महिला,वालवालिका,जेयष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको कार्यक्रमका लागि रु पचास लाख रुपैयाको व्यवस्था मिलाएको छु।
- लघु उद्यमसंग सम्वन्धीत  कार्यक्रमहरु गर्नका लागि संघीय सरकारवाट प्राप्त हुने रकमका अलवा थप रु ११ लाखको व्यवस्था यस गाउँपालिकावाट गरेको छु भने सहकारीहरुको कोपोमिक्स सम्वन्धि तालिम संचालनका लागि रु ५ लाख विनियोजन गरेको छु।

सभाध्यक्षज्यू,

अव म आगामी आर्थिक वर्षको आय व्ययको अनुमान प्रस्तुत गर्न चाहान्छु ।

+*आ.व. २०७९/८० का लागि रु ७२ करोड ४ लाख १७ हजार आय अनुमान गरेको छु । जसमध्ये

- संघीय सरकार सशर्त अनुदान तर्फ २५ करोड ४४ लाख
- प्रदेश सरकार सशर्त अनुदान तर्फ ५० लाख
- प्रदेश सरकार समपुरक अनुदान तर्फ १ करोड
- संघीय सरकार समानिकरण अनुदान तर्फ १३ करोड २९ लाख
- प्रदेश सरकार समानिकरण अनुदान तर्फ १ करोड ५६ लाख  ७५ हजार
- राजश्व बाँडफाँड तर्फ १२ करोड ९५ लाख ४ हजार
- आन्तरिक स्रोत तर्फ १७ करोड २९ लाख ३८ हजार आय अनुमान गरिएको छ ।

सभाध्यक्ष ज्यू,

अव म व्यय तर्फको अनुमान पेश गर्दछु । आ.व. २०७९/८० लागि कुल व्यय अनुमानको ५८.९ प्रतिशत अर्थात
चालु तर्फ ४२ करोड ४८ लाख ५२ हजार र  कुल व्यय अनुमान को ४१.१ प्रतिशत अर्थात पूँजिगत तर्फ २९ करोड ५५ लाख ६५ हजार रुपैया खर्च हुने अनुमान गरेको छु । जसमध्ये

- कार्यलय संचालन तथा प्रशासनिक क्षेत्र तर्फ -१२ करोड ५७ लाख ५० हजार ।
- पुर्वाधार विकास क्षेत्र तर्फ - १७ करोड १४ लाख ५० हजार ।
- आर्थिक विकास क्षेत्र तर्फ - ८ करोड ४५ हजार ।
- सामाजिक विकास क्षेत्र तर्फ -३१ करोड ६५ लाख २२ हजार ।
- सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तर्फ - २ करोड ५६ लाख ५० हजार  खर्च हुने अनुमान गरेको छु ।

# धन्यवाद ।